अविलम्ब प्रेषणका लागि

# विश्व बैंक

## नेपालका लागि विश्व बैंकको नयां निर्देशकमा श्रीमती गोल्डमार्क नियुक्त



**काठमाडौं । जेठ ३१, २०६४ ।** विश्व बैंकले श्रीमती सुजन गोल्डमार्कलाई नेपालका लागि विश्व बैंकको नयां निर्देशकमा नियुक्त गरेको छ । सो पदमा बिगत ७ वर्षदेखि कार्यरत केनईची ओहाशीको स्थानमा श्रीमती गोल्डमार्कको नियुक्ती भएको हो ।

सन् १९८८ मा अफ्रिकाका लागि निजी क्षेत्र विकास विज्ञका रुपमा विश्व बैंकसंग आवद्ध श्रीमती गोल्डमार्क अमेरिकी नागरिक हुनुहुन्छ । तत्पश्चात् उहांले वित्तक्षेत्र, निजीक्षेत्र विकास र दक्षिण अमेरिका एवं क्यारिबीयन क्षेत्रको उर्जा समुहको क्षेत्रगत व्यवस्थापकलगायतका विभिन्न पदहरुमा रहेर कार्य गर्नुभएको थियो । विश्व बैंकको कार्बनसंग सम्बन्धित वित्तीय कार्यक्रमहरुको प्रवर्द्धनमा उहांले व्यवस्थापन समुहको महत्वपुर्ण सदस्यको रुपमा रहेर योगदान पुऱ्याउनुभएको छ । बैंकसंग आवद्ध हुनुअघि श्रीमती गोल्डमार्क विकासशील राष्ट्रहरुको उद्यम विकासका विषयहरुमा विशेषज्ञता राख्ने गैरसरकारी संस्था र निजी क्षेत्रको परामर्शदात्री संस्थामा कार्यरत हुनुहुन्थ्यो । यसअघि, उहांले नेपालमा अध्ययनका साथै कार्य गर्नुभएको थियो ।

*‘२० वर्षको उमेरमा म पहिलो पटक नेपालमा विद्यार्थीका रुपमा आउंदा नेपालका जनता, संस्कृति र सौंदर्न्यबाट मोहित भएको थिए’* **श्रीमती गोल्डमार्क** स्मरण गर्नुहुन्छ । उहां भन्नुहुन्छ *‘मैले प्रतिबद्धता र चुनौतिको यस घडीमा नेपालमै कार्य गर्ने अहिले जुन अवसर पाएको छु, त्यसबाट म जति रोमाञ्चित भएको छु, त्यति नै गौरवान्वित पनि भएको छु । नेपालको शान्ति र विकासका लक्ष्यहरुमा सघाउने मेरो उद्देश्य छ ।’*

प्रतिस्पर्धात्मक व्यवस्थापकीय छनौट प्रक्रियाबाट नेपालका लागि निर्देशकको पदमा नियुक्त श्रीमती गोल्डमार्कले २०६४ असार १७ गते तद्अनुसार जुलाई १, २००७ देखि पदभार ग्रहण गर्नुहुनेछ ।

यसैबीच नेपालका लागि विश्व बैंकका वर्तमान निर्देशक केनईची ओहाशीले अफ्रिकी राष्ट्रहरु इथियोपिया र सुडानका लागि बैंकको निर्देशकको पद सम्हाल्नु हुनेभएको छ ।

नेपालमा बैंकका कार्यहरुबारे थप जानकारीका लागि कृपया http://www.worldbank.org.np मा हेर्नोस् ।